# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं आषाढ ११ गते २०१३ साल [ संख्या १०

### अर्थमन्त्रालयको सूचना

एक व्यक्तिले नगदी सिक्का मोहरू ५० । पचासभन्दा बढी हवाईजहाजबाट लान नपाउने ०११।१२।२६ गते गजेटमा सूचना प्रकाश भइरहेकोमा नेपाली सिक्का राज्यभर चलाउने सरकारको अभिप्राय सुसम्पन्न गर्न नेपाली सिक्काको बहुमात्रामा देशभर फिजाउन आवश्यक भएकोले अब उप्रान्तलाई नेपाली सिक्का मोहरू ५० । पचासभन्दा बढी हवाईजहाजबाट उपत्यका बाहिर लान नपाउने प्रतिबन्ध हटाई एक व्यक्तिले नेपाली सिक्का मोहरू ५० । पचासभन्दा बढी उपत्यका बाहिरबाट हवाईजहाजद्वारा उपत्यकाभित्र ल्याउन प्रतिबन्ध लगाउने ०१३।२।१४ मा सरकारबाट निर्णय भई आएको हुनाले यो सूचना प्रकाश गरिएको छ।

आज्ञाले:—

नीरराज,

सेक्रेटरी—अर्थमन्त्रालय.



66

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।